# कोटहीमाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः४ मितिः२०८२/०५/२९

## भाग-२

## कोटहीमाई गाउँपालिकाको लक्षित वर्गका लागि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावनाः**कोटहीमाई गाउँपालिका भित्र बसोवास गर्ने आर्थिक, सामाजिक, साँस्कृतिक, लैंगिक, जातीय, भौगोलिक, शारीरिक, भाषिक, उमेर समूह तथा धार्मिक विविधता लगायतका कारणले राज्यको श्रोत र सेवामा प्रयाप्त पहुँच पुग्न नसकेका व्यक्ति, समुदाय, वर्ग तथा समूहको राज्यको श्रोत र सेवामा समानुपातिक पहुँच विस्तार गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नमा सहयोग पुर्‍याउने विभिन्न क्रियाकलापहरुबाट निजहरुकै पूर्ण सहभागितामा कार्यान्वयनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोटहीमाईगाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि कोटहीमाईगाउँ कार्यपालिकाको मिति २०८२/०५/२९गतेको वैठकवाट "कोटहीमाई गाउँपालिकाको लक्षित वर्गका कार्यक्रम सञ्चालन कार्यविधि, २०८२” पारित गरि लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कोटहीमाई गाउँपालिकाको लक्षित वर्गका कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**लक्षित वर्ग**

(क) "उपाध्यक्ष" भन्नाले कोटहीमाई गाउँपालिकाको गाउँउपाध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले कोटहीमाईगाउँकार्यपालिका सम्झनु पर्छ।

(ग) "कार्यपालिका सदस्य" कोटहीमाईगाउँकार्यपालिकाका कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले कोटहीमाई गाउँपालिका सम्झनु पर्छ।

(ङ) "अध्यक्ष " भन्नाले कोटहीमाई गाउँपालिकाको गाउँपालिकाअध्यक्ष सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोटहीमाईगाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ । सो शव्दले आर्थिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउनेछ।

(छ) "लक्षित वर्ग" भन्नाले यस गाउँपालिका भित्र स्थायीरुपमा बसोवास गर्ने महिला, दलित, जनजाती, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, वालवालिका, एकल महिला, विधवा महिला, युवा, विपन्न वर्ग तथा पिछडिएको समुदाय र भूगोल समेतलाई सम्झनु पर्दछ।

(ज) "लक्षित वर्ग विकास कार्यक्रम" भन्नाले लक्षित वर्गको समग्र विकासको लागि यस कार्यविधिको अनसूचि १ मा उल्लेख गरिए बमोजिमका कार्यक्रमहरु सम्झनु पर्दछ ।

(झ) "विषयगत शाखा" भन्नाले कोटहीमाई गाउँपालिकाको कार्यालय अन्तर्गत सबै विषयगत शाखा सम्झनुपर्छ। "सहयोग तथा समन्वय समिति" यस कार्यविधिको दफा दफा ८ र ९ बमोजिमको समिति सम्झनु पर्दछ ।

३. उद्देश्य र कार्यक्षेत्र

(१) यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छन्ः

(क) गाउँपालिकाको स्रोतलाई लक्षित वर्गका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ख) लक्षित वर्गका लागि विनियोजन गरिने स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुर्‍याउने,

(ग) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(घ) लक्षित वर्गका लागि बैज्ञानिक पद्धतिबाट कार्यक्रम तथा बजेट तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने।

(ङ) लक्षित वर्ग समुदायको बहुपक्षिय हित प्रवर्द्धन गर्नु ।

(च) लक्षित समुदायका व्यक्तिहरुको आर्थिक, सामाजिक विकासका लागि कार्यक्रमहरुको व्यवस्थापन गर्नु,

(छ) लक्षित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जन तथा सामाजिक सुरक्षाका कार्यक्रम संचालन गर्नु।

(२) कार्यविधिको कार्यक्षेत्र गाउँपालिकालाई संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, आन्तरिक आयबाट प्राप्त हुने रकम, विकास साझेदार र अन्य निकायबाट प्राप्त हुने रकमहरुबाट लक्षित वर्गको बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने विषयसँग सम्वन्धित हुनेछ। तर, मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि गाउँपालिकासँग भएको सम्झौता

बमोजिम लक्षित वर्गको कार्यक्रम वा योजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुर्‍याएको मानिने छैन । त्यस्ता कार्यक्रम वा योजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू गाउँपालिकाको प्रचलित कानून बमोजिम हुनेछ।

**४. लक्षित वर्ग विकास कार्यक्रममा बजेट विनियोजन तथा कार्यक्रम तर्जुमाः**

(१) यस कार्यविधि बमोजिम लक्षित वर्ग विकास कार्यक्रमहरुको लागि वजेट विनियोजन तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा अन्य प्रचलित कानूनको अधिनमा रही गाउँसभाबाट देहाय बमोजिमको समूहगत रुपमा वजेट विनियोजन गरिनेछ :

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरु लक्षित कार्यक्रम

(ख) सबै जातजातिका विपन्न वर्गका वालवालिकाहरु लक्षित कार्यक्रम

(ग) दलित लक्षित कार्यक्रम

(घ) जनजाती लक्षित कार्यक्रम

(ङ) सवै जातजातिका विपन्न वर्गका युवा लक्षित कार्यक्रम

(च) सबै जातजातिका विपन्न वर्गका जेष्ठ नागरिक लक्षित कार्यक्रम

(छ) सबै जातजातिका विपन्न वर्गका अपांगता भएका व्यक्तिहरु लक्षित कार्यक्रम

(ज) सबै जातजातिका विपन्न वर्गका एलक तथा विधवा महिला लक्षित कार्यक्रम

(२) उपदफा (१) बमोजिमका विभिन्न समूहगतरुपमा वजेट विनियोजन गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम निश्चित प्रतिशत रकम वा एकमुष्ट रकम तोक्न सक्नेछ। यसरी रकम विनियोजन गर्दा गाउँपालिका स्तरीय तथा वडा स्तरीय गरी छुट्टाछुट्टै वा एकमुष्ट रुपमा गर्न सकिनेछ।

(३) उपरोक्त बमोजिमको रकम वन्चितिकरण र पछाडि परेका सबै समुदाय एवम् वर्गले फाइदा पाउने गरी न्यायोचित तवरबाट बाँडफाँड गरिनेछ ।

(४) गाउँपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यान्वयन गर्नका लागी लक्षित वर्गका कार्यक्रमहरु तर्जुमा गर्नेछ।

(५) लक्षित वर्गका कार्यक्रमहरु तर्जुमा गर्दा अनुसूची १ मा उल्लेखित कार्यक्रम तथा आयोजनाहरु बमोजिम गर्नुपर्नेछ ।

(६) गाउँपालिकाको वार्षिक योजना तर्जुमाका चरणमै लक्षित वर्ग कार्यक्रम पनि तर्जुमा गरिनेछ ।

(७) गाउँसभाले कार्यक्रम तर्जुमा सम्बन्धी अख्तियारी गाउँ कार्यपालिकालाई दिएको खण्डमा गाउँ कार्यपालिकाको बैठकबाट समेत कार्यक्रम पारित गरी लागु गर्न सकिनेछ ।

(८) लक्षित वर्गका कार्यक्रमहरु तर्जुमा गर्दा गाउँपालिकाले समग्र योजना तर्जुमा गर्दा लिने आधारहरुका अतिरिक्त निम्न बमोजिमका आधारहरु लिनु पर्नेछ :

(क) पूर्वाधार योजनाका सम्बन्धमा लक्षित वर्गलाई हित हुने दिर्घकालिन लाभजन्य योजना तर्जुमा तथा कार्यान्व्यन गर्ने,

(ख) योजना कार्यान्वयन हुने क्षेत्रको मौलिकता र सँस्कृतिको प्रवर्धन गर्ने खालका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ग) लक्षित वर्गको क्षमता वा सिप विकास र रोजगारिमुलक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,

(घ) स्थानिय उत्पादनको सदुपयोग र प्रवर्द्धन गर्ने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

(ङ) स्थानिय आवश्यकतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने,

(च) सभागितामुलक रुपमा संचालन गर्न सकिने योजना तथा कार्यक्रमहरु ।

(९) सशर्त अनुदान अन्तर्गत संचालन हुने लक्षित वर्गका कार्यक्रमहरु अख्तियारीमा उल्लेखित मार्गदर्शन तथा शर्तहरू बमोजिम नै संचालन हुनेछन् । तर, योजना तर्जुमाका चरणमै यस्ता कार्यक्रमहरु छनौट गर्न यस कार्यविधिले बाधा पुर्याउने छैन।

**५. लक्षित वर्ग विकास कार्यक्रमको कार्यान्वयन प्रक्रियाः**

(१) यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने लक्षित वर्ग विकास कार्यक्रमहरुको कार्यान्वयन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलितकानूनको अधिनमा रही देहाय बमोजिम गरिने छ :

(क) लक्षित वर्ग विकास कार्यक्रम वा योजना कार्यान्वयन गर्दा कोटहीमाई गाउँपालिकाको आर्थिक ऐन, विनियोजन ऐन तथा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४, वार्षिक विकास कार्यक्रम पुस्तिका, लुम्बिनी प्रदेश सरकारको मापदण्ड र खर्च गर्ने अख्तियारीमा उल्लेखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गर्नुपर्नेछ।

(ख) योजनागत रुपमा गाउँ सभाले पारित गरेका लक्षित वर्ग सम्बन्धी योजना तथा कार्यक्रमहरु वार्षिक कार्य योजना अनुसार कार्यान्वयन हुनेछन् । तर, योजनागत रुपमा नछुट्याइ एकमुष्ट बजेट विनियोजन भएको अवस्थामा कार्यविधिको दफा ९ बमोजिमको वडा स्तरीय सहयोग तथा समन्वय समिति र दफा ८ बमोजिमको गाउँ स्तरीय सहयोग तथा समन्वय समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयन गरिनेछ ।

(ग) लक्षित वर्गका लागि छुटयाइएको बजेटबाट योजना तथा कार्यक्रम संचालन गर्दा लक्षित वर्गको कुनै संघ सँगठन वा संस्था मार्फत सीधै अनुदान उपलब्ध गराउन पाइने छैन । कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लेखित योजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरू पालना गर्नुपर्नेछ ।

(घ) लक्षित वर्ग विकास कार्यक्रमहरु सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा गर्नुपर्नेछ ।

(ङ) कार्यक्रम वा योजना सञ्चालन गर्दा वडा समिति र सम्बन्धित शाखालाई संलग्न गराइनेछ साथै लक्षित वर्गहरुको सहभागितामा गठन/स्थापना गरिएका विभिन्न संस्था वा संजाल, सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ।

(च) पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी योजनाहरु कार्यान्वयन गर्दा उपभोक्ता समिति मार्फत सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गरिनेछ। साथै सामुदायिक संस्था र गैरसरकारी संस्थाबाट लागत सहभागिता हुने कार्यक्रमलाई समेत प्रोत्साहन गरिनेछ ।

(छ) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाका हकमा लक्षित वर्ग समुदायका व्यक्तिहरुको कम्तिमा ६० प्रतिशत प्रतिनिधित्व हुनु पर्नेछ, भने उपभोक्ता समिति सम्बन्धी अन्य प्रावधान यस गाउँपालिकाको उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि बमोजिम नै हुनेछ।

(ज) कार्यक्रम वा योजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा योजना सम्पन्न गर्नु पर्नेछ। जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग गाउँपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(झ) क्षमता विकास सम्बन्धि कार्यक्रम कार्यान्वयनमा विस्तृत प्रस्तावना स्वीकृत गराई सोही बमोजिम गर्नुपर्नेछ।

(ञ) लक्षित वर्ग विकास कार्यक्रममा छुट्याएको रकम सेवा सहयोग वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईने छैन।

(ट) लक्षित वर्ग विकास सम्बन्धी सञ्चालित सबै योजनाको योजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ।

**६. तालिम तथा क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन व्यवस्थाः**

(१) गाउँपालिकाको वार्षिक बजेटतथा कार्यक्रममा लक्षित वर्ग तर्फको तालिम वा क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने व्यवस्थाभएमा सोही बमोजिम अल्पकालीन, मध्यकालिन तथा दीर्घकालीन तालिम वा क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ । गाउँपालिकाले आंफै वा तालिम प्रदायक संस्था मार्फत लक्षित वर्गहरुको सहभागितामा गठन/स्थापना गरिएका विभिन्न संस्था वा संजालहरुसँगको समन्वय तथा सिफारिस बमोजिम यस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) तालिमको विषयवस्तु अनुसार पाठ्यक्रम तयार गर्नु पर्नेछ। यसका अलावा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट तयार गरिएको पाठ्यक्रम, शहरी विकास तथा भवन निर्माण विभागबाट तयार गरिएको पाठ्यक्रम, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र वा अन्य सरकारी निकायबाट तयार गरिएको पाठ्यक्रमहरु प्रयोग गर्न सकिनेछ ।

(३) लक्षित वर्गका लागि संचालन गरिने तालिमहरु पुनर्निर्माण र पुनर्स्थापनासँग सम्बन्धित दक्षता अभिवृद्धि र चेतनामूलक तथा अध्ययन, अवलोकन, अनुसन्धानमूलक हुनु पर्नेछ। यसैगरी लक्षित वर्गका सदस्यहरुको सीप विकास, क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धी तालिमहरु संचालन गरिनु पर्नेछ।

(४) लक्षित वर्गका कार्यक्रमहरुलाई सहयोग र समन्वय गर्नका लागि यस कार्यविधिको दफा ८ र ९ मा व्यवस्था भए बमोजिमको सहयोग र समन्वय समिति गठन हुनेछ। उक्त समितिले तालिमको पहिचान, बजेट विनियोजन, तालिमका सहभागीहरुको छनौट तथा तालिम सञ्चालनको स्वीकृति प्रदान गर्नेछ । तालिमका सहभागीहरु छनौट गर्दा विपन्न वर्गका सदस्यहरुलाई प्राथमिकता दिनु पर्नेछ । यसका साथै उपलब्ध भएसम्म प्राकृति प्रकोपबाट प्रभावित युवा, युवती, विधवा/एकल महिला, अपांगता भएका व्यक्ति तथा सीमान्तकृत वर्गलाई तालिममा सहभागी गराउन प्राथमिकता दिनु पर्नेछ। तर एक पटक सीप विकास तालिम लिइसकेको व्यक्तिलाई सोही किसिमको अन्य तालिम कार्यक्रममा सहभागी गराउन पाइने छैन ।

(५) गाउँपालिका वा तालिम प्रदायक संस्थाले सम्बन्धित विषयमा योग्यता पुगेको प्रशिक्षकबाट प्रशिक्षण गराउनु पर्नेछ। कुनै एक संस्थासंग आवद्ध भएको प्रशिक्षकलाई एकै समयमा अर्को संस्थामा समानान्तर प्रशिक्षण गर्ने गरी छनोट गर्न पाइने छैन ।

(६) तालिम सञ्चालन गर्दा गाउँ कार्यपालिकाको कार्यालयले तोकेको स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ।

(७) तालिममा संलग्न प्रशिक्षक, सहभागी, टिप्पणीकर्ता, संयोजक, सहयोगीको भत्ता तथा प्रतिवेदकको पारिश्रमिक गाउँपालिकाको प्रचलित कानून बमोजिम हुनेछ।

(८) तालिम प्रदायक संस्थाले आवश्यकता अनुसार तालिमका सहभागीहरुलाई तालिम पूरा भएपछि तालिमको अवधि र विषय खुलेको प्रमाणपत्र दिनु पर्नेछ।

(९) गाउँपालिका तथा वडा कार्यालयले संचालित तालिम कार्यक्रमको नियमित रुपमा सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्नेछन । सुपरीवेक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

**७. जनप्रतिनिधिहरुको सञ्जाल/मञ्च गठन गर्न सकिने;**

(१) लक्षित वर्ग विकास कार्यक्रमको प्रभावकारीयोजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्यांकनमा आवश्यक सहयोग, समन्वय, परामर्श तथा सिफारिस गर्नको लागि गाउँपालिकामा सम्वन्धित लक्षित वर्गको प्रतिनिधित्व गर्दै निर्वाचित भएका जनप्रतिनिधिहरुको सहभागितामा सञ्जाल/मञ्च गठन गर्न सकिनेछ ।

(२) सञ्जाल/मञ्च गठन गर्दा गाउँपालिकामा प्रतिनिधित्व गर्ने सम्वन्धित लक्षित वर्गका जनप्रतिनिधिहरुको भेलाबाट गर्नुपर्नेछ । सञ्जाल/मञ्चको कार्यसमितिमा संयोजक, सचिव, कोषाध्यक्षलगायतका आवश्यक संख्यामा सदस्यहरु रहनेछन् भने सञ्जाल/मञ्चको कार्यसमितिमा विभिन्न भौगोलिक क्षेत्र र समुदायको समानुपातिक सहभागीता सुनिश्चित गर्नुपर्नेछ ।

(३) यसरी गठन भएको सञ्जाल/मञ्चले वार्षिक कार्यक्रम तर्जुमा गरी वडा स्तरीय तथा गाउँ स्तरीय सहयोग तथा समन्वय समितिसमक्ष सिफारिस तथा कार्यान्वयनमा आवश्यक सहयोग र कार्यान्वयन भएका योजना तथा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन गर्नुपर्नेछ।

**८. गाउँ स्तरीय सहयोग तथा समन्वय समितिः**(१) दफा ७ बमोजिमको मञ्चको सिफारिस बमोजिम लक्षितवर्ग विकास कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सहयोग तथा समन्वय गर्न गाउँपालिका स्तरमा देहाय बमोजिमको एक सहयोग तथा समन्वय समिति रहनेछ :

(क) गाउँपालिका उपाध्यक्षः संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ग) सामाजिक विकास समितिको संयोजकः सदस्य

(घ) कार्यपालिकाका सदस्यहरु मध्येवाट विभिन्न लक्षित वर्गवाट प्रतिनिधित्व हुनेगरी गाउँपालिकाअध्यक्षलेतोकेका १ जना महिला सहित २ जनाः सदस्य

(ङ) योजना तथा अनुगमन शाखा प्रमुखः सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

(छ) उद्यम विकास शाखा प्रमुखः सदस्य

(ज) सामाजिक विकास शाखा प्रमुख वा निजले तोकेको कर्मचारीः  सदस्य सचिव

(२) उपरोक्त समितिले आवश्यक ठानेमा अन्य विषय विज्ञलाई पनि सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधिको दफा ७ बमोजिमको जनप्रतिनिधिहरुको संजाल/मञ्च गठन नभएको अवस्थामा पनि उल्लेखित समितिले आफ्नो कार्य गर्न वाधा पर्नेछैन ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

(क) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यस कार्यविधि बमोजिम लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग पुर्याउने,

(ख) गाउँ सभाबाट लक्षित वर्ग तर्फ कार्यक्रमगत रुपमा विनियोजित बजेट बाँडफाँड गर्ने मापदण्ड तय गर्ने।

(ग) लक्षित वर्गको खण्डिकृत तथ्याङ्क संकलन तथा अद्यावधिक गरी व्यवस्थित गर्न लगाउने,

(घ) गाउँ सभाबाट पारित लक्षित वर्ग सम्बन्धी बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वय गर्ने,

(ङ) लक्षित वर्ग विकास कार्यक्रमको लागि एकमुष्ट वजेट विनियोजन गरिएको अवस्थामा सो को कार्यान्वयनको लागि कार्यक्रम तर्जुमामा सहिजकरण तथा वार्षिक कार्यक्रम स्वीकृतिको लागि गाउँ कार्यपालिका समक्ष सिफारिस सहित पेश गर्ने,

(५) उपरोक्त समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नु पर्नेछ। तर आवश्यक परे जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ। बैठकमा भाग लिए वापत समितिका सदस्यरुले गाउँ कार्यपालिकाका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

**९. वडास्तरीय सहयोग तथा समन्वय समिति** : (१) वडास्तरमा लक्षित वर्ग विकास कार्यक्रमहरुको तर्जुमा तथाकार्यान्वयनमा आवश्यक सहयोग तथा समन्वय गर्न गाउँपालिकाका सवै वडाहरुमा देहाय बमोजिमको एक सहयोग तथा समन्वय समिति रहनेछ :

(क) वडा अध्यक्ष : संयोजक

(ख) एक जना महिला अनिवार्य हुने गरी वडा सदस्यहरु ३ जनाः सदस्य

(ग) वडा सचिवः सदस्य सचिव

(२) उपरोक्त समितिले गाउँ स्तरीय सहयोग तथा समन्वय समितिको समन्वयमा काम गर्नु पर्नेछ।

(३) उपरोक्त वडास्तरीय सहयोग तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

(क) वार्षिक योजना तर्जुमा गर्दा लक्षित वर्गका योजना तथा कार्यक्रम छनौट र प्राथमिकिकरण गर्न सहजीकरण गर्ने।

(ख) गाउँपालिकाबाट आफ्नो वडामा विनियोजन भएको लक्षित वर्ग सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने।

(ग) लक्षित वर्ग अन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(घ) गाउँस्तरीय सहयोग तथा समन्वय समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(४) उपरोक्त बमोजिमको वडास्तरीय सहयोग तथा समन्वय समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नु पर्नेछ । तर आवश्यक परेमा जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ । बैठकमा भाग लिए वापत वडा समितिका सदस्यरुले वडा समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् । लक्षित वर्ग विकास कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन एवं जाँचपास तथा फरफारक सम्बन्धी व्यवस्था यस गाउँपालिकास्तरबाट तथा गाउँपालिकाका वडास्तरवाट कार्यान्वयन गरिने लक्षित वर्ग विकास कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन एवं जाँचपास तथा फरफारक कार्य प्रचलित कानून बमोजिम गाउँपालिकामार्फत कार्यान्वयन गरिने अन्य योजना तथा कार्यक्रममा गरिए बमोजिम हुनेछ ।

**१०. प्रतिवेदन पेश गर्नु पर्नेः**यस कार्यविधि बमोजिम कार्यान्वयन गरिएका लक्षित वर्ग विकास कार्यक्रमको प्रगति अनुसूची २ बमोजिमको ढाँचामा सामाजिक विकास शाखाले चौमासिक रुपमा

तयार गरी कार्यापालिकाको बैठकमा पेश गर्नेछ भने कार्यपालिकाले सो प्रतिवेदन गाउँ सभामा समेत प्रस्तुत गर्नु पर्नेछ।

**११. लेखा परीक्षण हुने**ःयस कार्यविधि बमोजिम खर्च गरिएको रकमको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. संशोधन गर्न सक्ने**ःयो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३. वाधा अड्काउ फुकाउ अधिकार**ःयस कार्यविधिको कार्यान्वयनमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**१४. स्वतः खारेज हुने**ःयो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग वाझिएमा वाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ।

**अनुसूची : १**

**(कार्यविधिको दफा ४ को उपदफा (५) सँग सम्वन्धित)**

**लक्षित वर्ग विकास कार्यक्रम अन्तर्गत छनौट गर्न सकिने योजना तथा कार्यक्रमहरुको विवरण**

(यस विवरणभन्दा बाहेकका योजना तथा कार्यक्रम छनौट गर्न नपाइने भन्ने बाध्यात्मक अवस्था होइन, तर छनौट भएको योजना तथा कार्यक्रम लक्षित वर्गका लागि हो भन्ने पुष्टयाई दिन सक्ने खालको हुनु पर्नेछ)

(१) सवै जातजातिका विपन्न वर्गका महिलाहरु तथा एकल/विधवा महिला लक्षित कार्यक्रम :

(क) पूर्वाधार विकास :

- स्वास्थ्य तथा सरसफाई प्रसुतीगृह निर्माण तथा मर्मत सुधार,
- प्रसुती एवं स्वास्थ जाँचका लागि आवश्यक पर्ने सामाग्री,
- खानेपानी तथा सरसफाई इनार निर्माण तथा मर्मत,
- धारा निर्माण तथा मर्मत सुधार,
- टयाङ्गी निर्माण, खानेपानी श्रोत संरक्षण आदी,

- अन्य पूर्वाधारहरु : बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, खाद्य प्रशोधन आदि योजनाहरू, हिंसा पिडित महिला र किशोरीको लागि अस्थायी आवास गृह निर्माण र मर्मत सुधार, अपाङ्ग महिलाहरू र किशोरीहरूको लागि सहयोग पुग्ने योजनाहरू जस्तै छात्राबास, स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक भवन तथा महिला सहकारी भवन निर्माण गर्न समपुरक कोष आदि कार्यक्रम ।

(ख) प्रवर्द्धनात्मक (सामाजिक विकास/क्षमता विकास / आर्थिक विकास/ सीप विकास र अन्य) कार्यक्रमहरु:

- प्रजनन् स्वास्थ तथा अन्य स्वास्थ्य सम्वन्धी कार्यक्रम
- पाठेघर सम्वन्धी समस्या रोकथाम तथा जनचेतना जगाउने कार्यक्रम,
- एच.आई.भी/एडस् सम्वन्धी जनचेतना जगाउने आदि कार्यक्रम,
- महिलाहरूको लागि लोक सेवा/शिक्षक सेवा लगायत अन्य विभिन्न सरकारी सेवा तयारी कक्षा सञ्चालन,
- वैदेशिक रोजगारीको लागि आवश्यक पर्ने जानकारीमूलक शिक्षा र सीप विकास,
- महिला सम्वन्धी विभिन्न नीतिगत प्रावधानहरू बारेमा जानकारी दिने कार्यक्रम,
- महिला नेतृत्व विकास, सशक्तिकरण (सामाजिक, राजनैतिक र आर्थिक) कार्यक्रम र अधिकारमा आधारित विकासको अवधारणा सम्वन्धी कार्यक्रम,
- महिला साक्षरता सम्वन्धी कार्यक्रम, किशोरीहरूको लागि जीवन उपयोगी सीप,
- महिला सहकारीहरूको क्षमता विकासको लागि सहयोग (उदारण प्रस्तावना लेखन सम्वन्धी तालिम, नेतत्व विकास आदि),
- महिलाको क्षेत्रमा काम गर्ने सामुदायिक स्वयंसेविकाहरूलाई क्षमता अभिवृद्धि,
- प्रोत्साहन पुरस्कार, गरीब महिला सामुदायिक संस्थाहरूलाई स्थानीय सरकार सञ्चालन तथा न्यायिक समिति सम्बन्धी अनुशिक्षण तालिम,
- लैङ्गिकतामा आधारित हिंसा र विभेदयुक्त प्रचलन र महिला विरूद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन सम्वन्धी कार्यक्रम, महिला सम्वन्धी मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम (बालविवाह, बहुविवाह, जारीप्रथा आदि),
- महिला सञ्जाल, समुदायिक संस्था र सहकारी संस्थाहरूको महिलाहरूको नेतत्व विकास र विकासमा पहुँच वृद्धि गर्ने ज्ञान र सीपको विकास, सूचना र सञ्चारमा महिलाहरूको सहभागिता

र पहुँच वृद्धि गर्ने कार्यक्रमजस्तैः किशोरीहरूलाई पत्रकारिता, कम्प्यूटर सम्बन्धी विस्तृत तालिम, महिला तथा किशोरीहरूको सामुदायिक संस्था तथा सहकारीहरूको वचत तथा लेखा व्यवस्थापनमा क्षमता विकास, जीवनउपयोगी शिक्षा आदि),

- विपन्न वर्गका महिलाहरूको लागि क्षमता/सिप विकास कार्यक्रम (समूह निर्माण, लघुउद्यम विकास योजना तर्जुमा सम्बन्धी कार्यक्रमहरु जस्तै करेसावारी, फलफूल प्रशोधन, सिलाईकटाई, कम्प्युटर, रेडियो, होटल तथा मोवाईल मर्मत) आदि।

यसैगरी आर्थिक/सीप विकास व्यवस्थापन तर्फ कृषिमा आधारित कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघु उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन,जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफूल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार, महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरू र अन्य कृषि, पशुविकास तथा सहकारी सम्वन्धी क्रियाकलापहरू,

यसै गरी गैर कृषिमा आधारित घरेलु तथा लघुउद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रूपमा आधुनीकरण गर्ने,गरीव, एकल तथा विधवा महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका मागमा आधारित तालिम तथा सीपहरू ।

(२) सबै जातजातिका विपन्न वर्गका वालवालिकाहरु तथा युवा लक्षित कार्यक्रम :

(क) पूर्वाधार विकास :

- बालमैत्री गाउँपालिका उन्मुख कार्यक्रमहरु, प्राथमिक शिक्षा (प्रारम्भिक बालविकास भवन, खेलकुद मैदान,
- खेलकुद तथा शैक्षिक सामाग्री, विद्यालय मर्मत सुधार,
- फर्निचर, पुस्तकालय निर्माण तथा मर्मत सुधार,
- सौचालय निर्माण तथा मर्मत सुधार,
- खानेपानी तथा सरसफाई आदि कार्यक्रम,
- हिंसा पिडित बालिकाका लागि आकस्मिक संरक्षण स्थल आदि ।

(ख) प्रवर्द्धनात्मक कार्यक्रम (सामाजिक विकास/क्षमता विकास / आर्थिक विकास / सीप विकास र अन्य) :

- बाल अधिकारको आधारमा विभिन्न बाल मैत्री सूचकहरूको विकास गरी बाल मैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने,
- गाउँपालिकाको योजना तर्जुमा कार्यक्रममा बालबालिकाहरूको सहभागिता बालबालिकाहरूको विकासको लागि बजेट विनियोजन कार्यक्रममा जोड दिने कार्यक्रम, वृद्धि रवालमैत्री शैक्षिक सामाग्री, बाल मैत्री शिक्षण सिकाई (शिक्षक/शिक्षिका तालिम, शिक्षण सामाग्रीहरू, बातावरण सुधार आदि कार्यक्रम),
- बाल क्लव र बालबालिका समूहहरूको संस्थागत विकास र व्यवस्थापन (नेतत्व विकास, क्षमता विकास कार्यक्रम),
- गाउँपालिका तथा विद्यालयस्तरीय वालक्लव संजालहरूको स्थापना, संस्थागत विकास र वालभेलाका लागि आवश्यक सहयोग जस्तैः विभिन्न अभियान सञ्चालनका लागि फर्निचर, वालभित्ते पत्रिकाका वोर्ड तथा स्टेशनरी सहयोग आदि),
- किशोरी किशोरहरूमा मानसिक र शारिरीक स्वास्थमा आउने परिवर्तन र यस सम्वन्धी व्यवस्थापन सम्वन्धी ज्ञान र चेतना अभिवृद्धि जस्तै महिला कक्षा शिक्षिका,
- वालक्लवका महिला सदस्यका लागि सरसफाई सम्वन्धि तालिम, किशोरी र किशोरीहरूको नेतृत्व विकास गर्ने खालका कार्यक्रम,
- बाल विवाह विरूद्ध अभियान कार्यक्रम, बालश्रम विरूद्धको कार्यक्रम, किशोरी शिक्षा अभियान कार्यक्रम र बैकल्पिक विद्यालय स्थापना,
- जीवन उपयोगी सीपहरू सम्वन्धी ज्ञानको अभिवृद्धि, प्राथमिक स्वास्थ्य सेवा, एच.आई.भी/एडस, प्रजनन स्वास्थ सम्वन्धी कार्यक्रम,
- जन्म दर्ता अभियान कार्यक्रममा सहयोग, विभिन्न खोप अभियानहरू कार्यक्रमहरूमा सहयोग, पोषण कार्यक्रममा सहयोग,
- जोखिममा परेका बालबालिकाहरूको लागि सहयोग कार्यक्रम, सूचना र संचारमा पहुँच र उपयोगिता, बालबालिकाहरूको क्षमता विकास र सशक्तिकरण सम्वन्धी कार्यक्रम,
- बाल स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकीहरूमा बालबालिकाहरूको स्वास्थ सेवाका लागि आवश्यक सामाग्रीहरू, औषधी उपचार सहयोग,
- समुदायमा आधारित सूचना प्रणालीको विकास, सहभागितामूलक अनुगमन विधिहरूको विकास ( उदाहरण : सामुदायिक सूचना पाटी, बालबालिकाहरूको क्षेत्रमा काम गर्ने स्वयंसेविकाहरू

जस्तै सामुदायिक परिचालिकाहरूको क्षमता अभिवृद्धि, संजाल निर्माण, नियमित बैठक सञ्चालनमा सहयोग कार्यक्रम),

- बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुयाउने ग्रामीण सहजकर्ताहरूको परिचालन, क्षमता अभिवृद्धि, बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुर्‍याउने सहजकर्ता, सामुदायिक परिचालिकाहरूको लागि व्यवस्थापन सहयोग, उत्प्रेरणामूलक पुरस्कार आदी,
- गाउँपालिकामा बालबालिकाहरूको विकासको योजना तर्जुमा, समिक्षा गर्न समन्वय समिति बैठकमा सहयोग, बालबालिकाहरूको अवस्था विश्लेषण गर्न सर्भेक्षण, बालबालिकाहरूको प्रोफाईल तयारी आदीमागमा आधारित विभिन्न खेदकुद कार्यक्रमहरु सञ्चालन,
- युवा क्वलहरु गठन, परिचालन तथा विभिन्न सृजनात्मक क्रियाकलापहरु सञ्चालन,
- युवाहरुको मागमा आधारित विभिन्न प्रवर्द्धनात्मक गतिविधिहरु सञ्चालन

**(३) आदिबासी/जनजाति, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, पिछडा वर्ग र अन्य विपन्न वर्गका लागि लक्षित कार्यक्रम**

(क) पूर्वाधार विकास :

- खानेपानी तथा सरसफाई इनार निर्माण तथा मर्मत, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्गी निर्माण, खानेपानी श्रोत संरक्षण,
- सार्वजनिक शौचालय निर्माण, मर्मत र सम्भार
- बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, गोबरग्यास, खाद्य प्रशोधन आदि योजनाहरूस्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक भवन निर्माण तथा मर्मत
- सांस्कृतिक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण तथा मर्मत सुधार

**(ख) प्रवर्द्धनात्मक (सामाजिक विकास/क्षमता विकासख/आर्थिक विकास / सीप विकास र अन्य) :**

- पछाडि परेका तथा पारिएका विपन्न वर्गहरूको पार्श्वचित्र तयारी तथा विपन्न वर्गको नक्साङ्कन तयारी,

- गाउँपालिका एवं विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट सञ्चालन गर्ने विकासको कार्यको समय सीमा, कार्य पद्धति, बञ्चितमा परेको समुदाय र जनताका लागि विद्यमान नीतिगत प्रावधानहरू सम्वन्धी जनचेतना जगाउने कार्यक्रम,
- बैदेशिक रोजगारीको लागि आवश्यक जानकारी र सीपको विकास,
- लोक सेवा/शिक्षक सेवा लगायत अन्य विभिन्न सरकारी सेवा तयारी कक्षा सञ्चालन,
- अधिकारमा आधारित विकास अवधारणा, विभेदयुक्त प्रचलन, मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम,
- न्यायिक समितिको गठन तथा कार्य सम्पादनबारे जानकारी,
- विपन्न पछाडि परेका वर्गहरूको समूह र सञ्जालहरूको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम,
- नेतृत्व विकास कार्यक्रम र सशक्तिकरण सम्वन्धी कार्यक्रम,
- यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको विकास,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लागि सामाजिक सुरक्षा, क्षमता विकास सम्वन्धी कार्यक्रम,
- समाजका सबै भाषा, धर्म र जातिहरू प्रति सदभाव जगाउन उन्मुख गराउने कार्यक्रम र जनचेतनामलक आदि कार्यक्रमहरू,
- यसैगरी आर्थिक तथा सीप विकास तर्फ कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघुउद्योगहरूको सञ्चालन तथा व्यवस्थापन,
- जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार,
- लक्षित समूहहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिमहरू र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी सम्वन्धी क्रियाकलापहरू।

यसैगरी घरेलु तथा लघुउद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन एवम् प्रवर्द्धन गर्दै बजार मैत्री रूपमा आधुनिकीकरण गर्ने, लक्षित समूहको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरू जस्ता कार्यक्रम।

अनुसूची : २

(कार्यविधिको दफा ११ सँग सम्वन्धित)

लक्षित वर्ग विकास कार्यक्रम कार्यान्वयनको प्रगति ढाँचा

आर्थिक वर्ष : ....................

...................... देखि ................. सम्मको लक्षित वर्ग विकास कार्यक्रमको प्रगति विवरण

लक्षित वर्ग विकास कार्यक्रमको प्रकार :

| क्र.स. | सञ्चालित क्रियाकलाप | ईकाइ | परिमाण | कार्यान्वयन विधि | खर्च भएको रकम रु | लाभान्वित जनसंख्या | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दलित | | जनजाती | | अन्य | | जम्मा | | |
| | | | | | | म | पु | म | पु | म | पु | म | पु | |
| | | | | | | | | | | | | | | |

आज्ञाले

अजय मिश्र

प्रमुख प्रशासकीय अधिकृत